# धार्चे गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## माछिखोला, गोरखा
## गण्डकी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ उत्खनन् गरी विक्री  वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउ पत्र आह्वन सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०७६/०७/२९गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ(१) घ(२) र घ(६) मा भएको व्यवस्था, गण्डकी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, आर्थीक ऐन २०७६ र धार्चे गाउँपालिकाको तोकिदिएको नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी धार्चे गाउँपालिकाले तोकेको दरमा विक्रि गर्नेगरी ठेक्का बन्दोबस्थ गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैक, गोरखा शाखामा रहेको यस कार्यालयको खाता नं ३०६०३०४०१८१०७ मा नगद जम्मा गरेको नगद भौचर साथ  एवं जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक, गोरखा शाखामा रहेको धरौटी खाता नं. ३०६०३०३००७१०७ जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट  यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखी ७५ दिन म्याद रहेको बैंक जमानी पत्र(Unconditional Bid Bond) तथा दरभाउपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरु तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ । दरभाउपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ । निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको (२०७६।०८।१३) कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिदेखी खरिद गर्न पाउने अन्तिम मिति २०७६/०८/१३ गते सम्ममा दरभाउपत्र फारम धार्चे गाउँकार्यपालिकाको कार्यालय माछिखोला, गोरखा बाट प्राप्त गर्न सकिने छ ।

३. २०७६/०८/१४ गते दिनको १२:०० भित्र दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ र दर्ता भएका दरभाउपत्रहरु, दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति २०७६/०८/१४ गते दिनको १४:०० बजे कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । दरभाउदाताहरु वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनी दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदापछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

४. दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ साथै रित नपुगेका दरभाउपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन ।

५. सिलबन्धी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

६. खरिद गएको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि दरभाउपत्रदाताले प्रत्येक पानामा सहि छाप गरि फर्मको नाम ठेगाना काम को बिबरण ठेक्का बिबरण प्रोप्राइटर  को नाम फोन नं. समेत स्पस्ट खुलाई सहि छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ दिनको १२ बजे भित्र दर्ता गर्न सकिने छ ।

७. एक फर्म  वा सस्थाको नाम मा खरिद गरिएको दरभाउपत्र अर्को  सस्था वा नाम बाट दाखिला गर्न पाइने छैन ।

८. नदिजन्य पदार्थ लाई नै घाटगद्दी स्थल तोकी निर्धारीत स्थान बाट मात्र उत्खनन् तथा बिक्रि वितरण गर्नुपर्नेछ ।

९. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरि नियम अनुसार गरिने छ ।

१०. यस गाउँपालिकाको नदि तथा खोलाहरुको उत्खनन क्षेत्र र उत्खनन परिणामका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ(१) , घ(२) र घ(६) भएको ब्यबस्था, प्रदेश आर्थिक ऐन २०७६ (गण्डकी प्रदेश) र नदिजन्य निर्माण सामग्रीको उपयोग सम्बन्धमा भएको (IEE) रिपोर्ट एवं नेपाल सरकारबाट भएका निर्देशन, प्राबधान बिपरित हुने गरि कार्य गर्न पाइने छैन ।

११. साथै यस कार्यालय बाट गराइएको प्राम्भिक वातावरणिय परिक्षण प्रतिबेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ साथै गाउँसभाका निर्णय र नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजिम हुनेछन् ।

१२. दरभाउपत्रदाताले कबोल गरेको रकमको ४०% सम्झौता गर्न आउँदा र बाँकी रकम सम्झौतको मितिले ३ महिना भित्र दाखिला गरिसक्नू पर्ने छ साथै कुल कवोल अकंको ६० % कार्यसम्पादन जमानत दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

१३. अन्य कार्यबिधीहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१४. दरभाउपत्र सम्बन्धी अन्य थप केही कुराहरु बुझ्नु परेमा यस कार्यालयको फोन नं. ९८५७६३४१३३ वा ९८४२८६९९०६ तथा कार्यालयको ईमेल ठेगाना rmdharche@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| क्र.स. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फि) | न्युनतम ठेक्का रकम (सेवा शुल्क र मू. अ. कर बाहेक) | धरौटि रकम | दरभाउपत्र दस्तुर (रू) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७६/०७७ | बालुवा उत्खनन, संकलन तथा बिक्रि वितरण । | ३३३३५०।०० | १०,००,०५०।०० | कबोल अंक को ५ % | १,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत